## साधारण सभा सम्बन्धि सामान्य जानकारी

१. ३५ औं वार्षिक साधारण सभाको प्रयोजनको लागि २०८० साल जेष्ठ ११ गते १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८० साल जेष्ठ ११ गते भन्दा अघिल्लो कार्यरत दिन सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हुदाँ सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नु हुन अनुरोध छ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधिपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ। सो प्रतिनिधि पत्र सभा शुरु हुनु भन्दा ४८ घण्टा पहिले अर्थात २०८० जेष्ठ १९ गते शुक्रवार कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, लाजिम्पाटमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीले तोकेको ढांचामा हुनु पर्नेछ। प्रतिनिधि पत्र (प्रोक्सी) को ढांचा यस कम्पनीको सूचना पाटीमा समेत राखिएको छ।

३. प्रोक्सी दिने शेयरधनी महानुभावले शेयर किन्दाको अवस्थामा आफुले यस कम्पनीमा गरेको सही मिल्नु पर्दछ। अन्यथा प्रोक्सीले मान्यता पाउने छैन।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको ब्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन्। त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर भएको मानिने छ।

५. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसंग बाँकि राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन। प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं आफै साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा उक्त मुकरर गरिएको प्रोक्सी स्वत: बदर हुने छ।

६. नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनिई दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ।

७. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nationallife.com.np) मा हेर्न सकिनेछ।

८. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुन अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन।

९. साधारण सभाको हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि १०:५० बजे सम्म खुल्ला रहने छ।

१०. सुरक्षाको दृष्टिले शेयरधनी महानुभावहरु सभा स्थल आउंदा झोला, ब्याग जस्ता वस्तुहरु नल्याउन अनुरोध गरिन्छ। सुरक्षाकर्मिले जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ।

११. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाटमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव